# मदन भण्डारीका सृजनामा भाषिक चयन र विचलन

**कृष्णप्रसाद घिमिरे, विद्यावारिधि**
प्राध्यापक, लुम्बिनी प्राविधिक विश्वविद्यलाय, नेपालगन्ज
Email: krishnaprasadghimire@gmail.com
https://doi.org/10.3126/haimaprabha.v23i1.66690

## लेखसार

प्रस्तुत अनुसन्धानात्मक लेखमा मदन भण्डारीका साहित्यिक रचनाहरूलाई छनोट गरी तिनमा अभिव्यक्त शिल्पपक्षका सौन्दर्यात्मक गुणलाई चयन तथा विचलनका माध्यमबाट रेखाङ्कन गरिएको छ। भण्डारी नेपालको पूर्वी पहाडी जिल्लामा जन्मेर वनारसबाट शिक्षा हासिल गरी देशको सेवा गर्ने अठोटसहित स्वदेश फर्केका युवा देखिन्छन् ।उनमा सामाजिक समानताबाट मानवीय **सञ्चेतना**अभिवृद्धि गरी सामाजिक रूपान्तरण गर्ने अभिलाषा पलाएकोपाइन्छ।उनी मूलतः सामाज रूपान्तरणका लागि साहित्य र राजनीति दुवैलाई प्रयोग गर्ने स्रष्टा मन भएका राजनीतिक व्यक्ति हुन्छन् । उनका रचनामा वर्गीय विषमताले युक्तमानिसका जीवनको यथार्थ चित्रण भेटिन्छ ।कृतिमा अङ्कित पात्रहरू पञ्चायतकालीन राजनीतिबाट अन्यायमा पारिएका हुन्छन् , त्यसबाट मुक्ति पाउन जागरण सहितको सामाजिक रूपान्तरण आवश्यक मानिन्छ भन्ने सन्दर्भ भण्डारीका रचनामा मुखरित भएको पाइन्छ ।त्यसैले मदनद्वारा लेखिएका प्रत्येक कविता, गीत, कथा ,नाटक , निबन्ध आदिमा नेपाली जनताको चासो तथा माटोप्रति सचेत भएर सम्बोधन गरिएको हुन्छ।उनका रचनालाई आधार मानी विश्लेषण गर्दा विधागत भाषिक चयन र विचलनको विन्यास तिनका कृतिमा प्रशस्त पाइएको हुनाले ती रचनाहरू मर्मस्पर्शी बनेका देखिन्छन् । त्यसकारण भण्डारीका सृजनाहरू कलासौन्दर्यका दृष्टिले सशक्त र गरिमाशाली छन् भन्ने निष्कर्षात्मक तथ्य यसमा उत्खनित भएको पाइन्छ।

**शब्दकुञ्जीः** अनुभूति, कलासौन्दर्य, प्रयोक्ता, शैलीशिल्प, सञ्चेतना।

## विषय परिचय

काठमाडौँ राजधानीदेखि पूर्व ताप्लेजुङ जिल्लाको साविक ढुङ्गेसाँघु गा.वि.स. वडा नं. आठमा पिता देवीप्रसाद भण्डारी र माता चन्द्रकला भण्डारीका पुत्रको रूपमा मदनकुमार भण्डारीको जन्म वि.सं. २००९ असार १४ गते भएको हो र मृत्युभने चितवनको दासढुङ्गामा दुर्घटना परी वि.सं. २०५० जेठ ३ गते भएको हो । उनले आफ्नो जीवनकालमा नौवटा कविता, छवटा गीत, एउटा निबन्ध, दुईटा कथा, तीनटा लघुकथा, तीनटा संस्मरण, एउटा नाटक, तथा पाँचवटा समालोचना गरी जम्मा ३० वटा साहित्यिक सृजना

गरेका छन् । उनी साहित्यिक व्यक्तित्वसँगै राजनीतिक व्यक्तित्वका रूपमा बढी परिचित छन् । उनका रचनामा समाजको यथार्थ घटनालाई विषयवस्तु बनाएर साहित्य सृजना गर्ने सामाजिक संरचनाको बाहुल्य पाइन्छ। उनले सर्वप्रथम २०२५ सालमा 'खै के ?' शीर्षकको कविता प्रकाशित गराए भनिए तापनि उनको उक्त रचना हालसम्म प्राप्त हुन सकेको छैन । त्यसैले उनका उपलब्ध रचनाहरूलाई आधार मान्दा वि.सं .२०३० सालमा बनारसबाट प्रकाशित "छात्रप्रभा" पत्रिकामा छापिएको "मित्र पो चिन्नुपर्छ" भन्ने शीर्षकको कवितालाई पहिलो रचना मान्न सकिन्छ।

आदिम ढुङ्गे युगदेखि मानिसले सङ्घर्ष गर्दै अहिलेको अवस्थामा आएको हो । यस अवस्थामा आउन उसलाई निरन्तरता र गतिशीलताले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।नेपालमा प्रचलित विभिन्न राजनैतिक चिन्तन मध्येमार्क्सवादको सृजनात्मक प्रयोगका रूपमा जनताको बहुदलीय जनवादलाई लिएको पाइन्छ ।त्यसलाई मदन भण्डारीबाट आफ्नो जीवनमा सिद्धान्तका रूपमा अँगाली साहित्यमा प्रयोग गरेर चेतनाको चिन्गारी सल्काइन्छ। समाजमा विभिन्न थरिका मानिसहरूको बसोबास हुन्छ। भौगोलिक अवस्था, हावापानी, खानपान र सामूहिक वा एकल रूपमा काम गर्ने कार्यले चिन्तन र व्यवहार दुवैमा भिन्नता ल्याएको हुन्छ। लवाइ-खवाइले पनि कर्म र चिन्तनमा आंशिक प्रभाव पारेको भेटिन्छ। त्यही कारण भूबनोट अनुसार बसोबास गर्ने व्यक्तिको पहिरन र बोलीमा सामान्य भिन्नता देखिन्छ। जब मानिसले आफूलाई अरुभन्दा श्रेष्ठ देखाउन चाहन्छ, तब व्यक्तिमा आर्थिक विचलनले समस्याको सृजना गर्दछ। उसको सोचाइ नै अरुको श्रम शोषण गर्ने र आफ्नो लागि आर्थिक सञ्चय बढीगर्ने हुन्छ । यही प्रवृत्तिले मानिसलाई संवेदनाहीन अवस्थासम्म पुऱ्याएको देखिन्छ । त्यसले गर्दा मानिसमा धनी र गरिबको अवस्था आउँछ र समाज विखण्डनतिर अग्रसर हुन्छ। यसलाई बचाउन एवम् मानवोचित व्यवहार गर्दै समाजलाई अग्रगमनतर्फ लैजान सही विचार र कर्मको आवश्यकता हुन्छ।

साहित्यिक रचनामा चयन र विचलनको शिल्प सम्बन्धी भाषिकशैलीले कलालाई प्रस्तुत गर्दछ । साहित्यमा व्यक्त विचार वा भाव पाठकसमक्ष पुऱ्याउनशैलीशिल्पको विशेष योगदान रहेको हुन्छ ।भाषाको शैलीगत चयन गर्दा पर्यायवाची शब्दको चयन, व्यावहारिक भाषिक शब्दचयन, व्याकरणिक भाषा चयन, भाषिक प्रयुक्तिको चयन, विशिष्ट पारिभाषिक शब्दचयन एवम्वाक्यात्मक चयन लगायतका भाषिक शिल्पका बाह्य तथा आन्तरिक सूक्ष्मपक्षहरू सन्निवेश भएका हुन्छन् ।भण्डारीका सृजनामा भाषिक प्रयुक्तिको प्रयोग गहन, अर्थपूर्णतथा व्यञ्जना शब्दशक्तिले भरिपूर्ण देखिन्छ भने ओजपूर्ण, विचलनयुक्त भाषिक प्रयोग एवम् व्याकरणिक तथा विशिष्ट पारिभाषिक शब्दहरूको चयन पाइन्छ । उनले कतिपय भनाइलाई स्पष्टपार्न मिथकीय सन्दर्भहरू र विम्ब, प्रतीक एवम् अलङ्कारको पनि प्रयोग गरेका छन्। उनको उद्देश्य चेतानाको अभिवृद्धिद्वारा समाज रूपान्तरण गर्ने भएकाले साहित्य साधन बनेको देखिन्छ। प्रस्तुत अनुसन्धानात्मक लेखमा मदन भण्डारीका साहित्यिक सृजनामा प्रयुक्त भाषिक चयन र विचलनको नमुना छनौटद्वारा अध्ययनगरी अन्य पद्धतिको अनुसन्धान गरिएको छैन।

## अध्ययन विधि

मदन भण्डारीका साहित्यिक रचनालाई भाषिक चयन र विचलनसँग सम्बन्धित भएर गरिएको प्रस्तुत अनुसन्धानका लागि नमुना छनौटद्वारा पाठविश्लेषणमा आधारित विधिलाई मूल आधार बनाइएको छ । पुस्तकालय अध्ययनकार्यका लागि प्राथमिक स्रोतका रूपमा मदन भण्डारीका उपलब्ध कविता, गीत, कथा, नाटक, निबन्ध तथा समालोचनालाई चयनगरिएको छ। साहित्यमा प्रयुक्त भाषिक शिल्पलाई आधार बनाएर साहित्यिक रचनाको विश्लेषण गरिने हुँदा द्वितीयक स्रोतका रूपमा विभिन्न विद्वान् हरूका भाषिक शैलीशिल्पसँग सम्बन्धित चयन र विचलनका सैद्धान्तिक सामग्री तथा पुस्तकहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनको मुख्य उद्देश्य मदन भण्डारीका साहित्यिक रचनामा पाइने भाषिक शिल्पसँग सम्बन्धित अध्ययन हो । त्यसैलाई सैद्धान्तिक सामग्री बनाएर रचनाको विश्लेषण गरी निष्कर्षमा पुग्न पाठविश्लेषणात्मक अध्ययनविधिको उपयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

कुनै पनि विधाका विषयलाई साहित्यबाट प्रस्तुत गर्ने प्रमुख माध्यम भनेको भाषा हो । भाषाको प्रयोगबाट नै लिखित वा मौखिक साहित्य निर्माण हुन्छ । खास प्रयोजनका लागि भाषाको प्रयोग गरिने हुँदा प्रयोग गरिएको भाषाले कुनै न कुनै कार्य गर्दछ । प्रयोक्ताको अभिप्रायलाई स्रोतासमक्ष पुर्‍याउनु नै भाषाको मुख्य कार्य हो (गौतम, २०४९.पृ. १९) । साहित्यको रचना सामाजिक रूपान्तरण गर्न वा कलासौन्दर्यको प्रस्तुतिका लागि गरिएको हुन्छ । साहित्य पाठकसम्म सञ्चारित हुनका लागि भाषाको प्रयोग अनिवार्य मानिन्छ । भाषाको प्रयोग हुँदैमा साहित्यिक रचना भने हुँदैन । त्यसका लागि विधागत तत्त्वकासाथै भाषा प्रयोगको विशिष्ट शैली पनि अवलम्बन गर्नुपर्ने हुन्छ । त्यस्ता शैलीको प्रयोगले भाषिक साहित्यमा मधुरता, लयात्मक- गेयात्मकता तथा विशिष्ट अनुभूतिको सञ्चेतना मुखरित भएको हुनु पर्दछ । भाषाको प्रयोग गर्दा यसका कोटिहरूलाई पनि ध्यान दिनु जरुरी हुन्छ । व्यवस्थापरक व्याकरणमा भाषाको वर्णन तथा विश्लेषणका निम्ति आधारस्वरूप एकाइ, संरचना, वर्ग र व्यवस्था गरी यसका चार कोटिहरू रहेका छन् (बन्धु, २०५३.पृ. १२८) ।यी कोटिहरूले विभिन्न आकारका रूपात्मक अवयवहरू, शृङ्खलित व्याकरणिक नियम, एकअर्काको सम्बन्धमा आउने शब्दहरूको रूपात्मक एकाइ तथा भाषाको वर्णनका निम्ति आधारस्वरूप रहने व्यवस्थालाई बुझाउँछन् (बन्धु, २०५३.पृ. १२८–१३३) । यसका आधारमा भाषिकशैलीको चयन गर्न सकिन्छ । भाषाको शैलीगत चयन गर्दा पर्यायवाची शब्दको चयन, व्यावहारिक भाषिक शब्दचयन, व्याकरणिक भाषा चयन, भाषिक प्रयुक्तिको शैलीय चयन, विशिष्ट पारिभाषिक शब्दचयन तथा वाक्यात्मक चयनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ (लुइटेल, २०६२.पृ. ७२-७३) । यी शैलीगत चयनलाई ध्यान दिएर साहित्यिक सृजनाको प्रयोग गर्दा भाषिक संरचनामा विशिष्टता झल्कने देखिन्छ ।

साहित्यिक विधाका रचनामा चयन र विचलनका भाषिकशैलीले शिल्प सम्बन्धी कलालाई द्योतन गर्दछ । साहित्यमा प्रस्तुत विचार वा भाव पाठकसमक्ष पुर्‍याउन शैलीशिल्पले विशेष योगदान दिएको हुन्छ ।

भाषालाई साहित्यमा प्रयोग गर्दा त्यस्ता शैलीले प्रभाव पार्ने हुँदा कलापरक दृष्टिका आधारमा भाषाविज्ञानको सहयोगबाट साहित्यको शैलीशिल्पपरक अध्ययन गर्ने कार्य शैलीविज्ञानले गर्दछ (नेपाल, सन् २००९.पृ. ५१) । यसले साहित्यमा प्रयुक्त भाषिक शिल्पको बाह्य र आन्तरिक पक्षलाई सूक्ष्मरूपमा अध्ययन गर्न सहयोग गर्छ । लक्ष्मणप्रसाद गौतमले भाषाको शैलीगत शिल्पलाई चिनाउने क्रममा विचलनको चर्चा गरेका छन् । उनले भाषिक शैली शिल्पमा प्रयोग गरिने विचलनअन्तर्गत कोशीय विचलन, व्याकरणिक विचलन, आर्थी विचलन, भाषिकागत विचलन, प्रयुक्ति विचलन तथा लेखिमिक विचलन भनेका छन् (गौतम, २०६६.पृ. ५३६-५५२) । त्यस्तै उनले भाषाशैलीय शिल्प निर्माणका लागि समानान्तरता प्रयोगको समेत आवश्यकता रहेको औँल्याएका छन्(गौतम, २०६६.पृ. ५५३) । पश्चिमी साहित्यमा अरिस्टोटलदेखि नै शिल्पलाई मानिँदै आएको देखिन्छ । त्यस्तै जोनाथन कुलरले साहित्य एक विशेष प्रकारको भाषा भएकाले यसमा विशिष्ट भाषिक शिल्पको प्रयोग गरिएको हुन्छ भनेका छन् (कुलर, सन् १९९७.पृ. ५५) । यसका आधारमा साहित्यिक रचनामा भाषिक विन्यास अनिवार्यतत्त्वका रूपमा रहेको मानिन्छ । साहित्यका विविध विधामध्ये पुरानो विधा मानिने कथाको भाषिक विन्यासलाई चिनाउने क्रममा कृष्णप्रसाद घिमिरेको यस्तो धारणा देखिन्छ : "कथालाई प्रस्तुत गर्दा कथाकारले जुन व्याकरणिक संरचनामा ध्वनि, पद, पदावली, उपवाक्य र वाक्य प्रयोग गरी साहित्यिक विशिष्टता प्रदान गर्दछ, त्यसैलाई भाषिक विन्यास भनिन्छ" (घिमिरे, २०७१.पृ. ३) । मदन भण्डारीका साहित्यिक रचनामा पनि शिल्पगत भाषिक विन्यासको प्रयोग उच्चतम रूपमा भएको पाइन्छ । उनले अवलम्बन गरेको नेपाललाई छुवाछुत मुक्त देश बनाउने, नारी पुरुषको समान वर्चस्व स्थापित गर्ने र हिमाल, पहाड तराई, कोही छैन पराईको एकत्वलाई जगेर्ना गर्ने चिन्तन नै जबजले मूल चुरोका रूपमा स्वीकारेको अडान हो भन्न सकिन्छ । कुन्दन अर्यालले 'जननेता मदन भण्डारी र राष्ट्रियता' (२०७८) कृतिद्वारा यही कुरालाई सङ्केत गरेका छन् ।

प्रस्तुत अनुसन्धानात्मक लेखमा उपर्युक्त सैद्धान्तिक पक्षको सापेक्षतामा भाषिक चयनबाट मुखरित हुने शैलीशिल्पको अध्ययन गरिएको छ । जसमा शैलीशिल्पअन्तर्गत रहने चयन (पर्यायवाची चयन, व्यावहारिक चयन, व्याकरणिक चयन, शैलीय चयन, विशिष्ट पारिभाषिक चयन र वाक्यात्मक चयन) तथा अग्रभूमीकरण (विचलन, समानान्तरता र प्रयुक्ति विविधता) लाई आधार मानी मदन भण्डारीका साहित्यिक सृजनामा भाषिक शैलीशिल्पगत चलन- विचलनको अध्ययन गरिएको छ ।

## भाषिक संरचनाको शैली

शिल्पविधानका लागि भाषिक सौन्दर्यात्मक रचनाको आवश्यकता मानिन्छ । सुन्दर अभिव्यक्तिको कलाले नै मानिसको मनलाई आह्लादित र सम्मोहित बनाएको हुन्छ । त्यसका लागि भाषा र शिल्प दुबैका गुणको सम्यक् सन्तुलन हुनु पर्दछ । भाषाका गुणमा मानक भाषा वा केही स्थानीय भाषिकाका सुन्दर शब्द, पद, पदावली, वाक्यगठन र अनुच्छेद संयोजन आदिद्वारा जीवन चेतनाको प्रखर प्रस्तुति ललितरचनामा

गरिएको हुनु पर्दछ भने शिल्पविधानमा अलङ्कार, विम्ब, प्रतीक, आन्तरिक तथा बाह्यलय लगायत रूप, रस गन्ध, स्पर्शआदि संवेदनाका सौन्दर्य चिन्तनको अन्विति रागात्मक रूपमा कति स्पष्ट रूपमा भएको छ ? त्यसलाई खोजिन्छ । जसले गर्दा कृति वा रचनामा मुखरित भएका भाषाशैलीका सम्पूर्ण अवयवहरूको समन्वयात्मक तथा सन्तुलित प्रस्तुति सृजनमा हुन्छ र काव्यकलाका विधागत तत्त्वको सौन्दर्यात्मक अभिव्यक्तिलाई नै शैलीशिल्पभित्र समाविष्ट गरिन्छ।

मदन भण्डारीका जेजति कविता, कथा, निबन्ध लगायतका रचना प्रकाशित छन्, ती सबैमा "हुने बिरुवाको चिल्लो पात" भनेझैँ विषय र शिल्पविधानको सुन्दर संयोजन देखिन्छ । उनले भाषिक शब्दसंयोजनको आन्तरिक लयलाई समातेर साहित्यमा शब्दसौन्दर्यका संवेदनालाई सूक्ष्म तथा संयमतासहित सन्निविष्ट गराएका छन्। त्यसैले भण्डारीका कृतिमा शैलीशिल्पको स्वाभाविक प्रयोग पाइन्छ। विश्वका उत्तम साहित्यिक रचनामा पाँचसंवेदनाहरू मानवीकरणहुँदै अभिव्यक्त भएका छन् । ती हुन् : दृश्य संवेदना, घ्राण संवेदना, आस्वाद संवेदना, श्रवण संवेदना र स्पर्श संवेदना । मानिसले व्यावहारिक जीवनमा ज्ञानार्जनका आँखा, नाक, जिब्रो, कान र छाला गरी पाँच ज्ञानेन्द्रियको प्रयोग गरिरहेको हुन्छ। तिनलाई साहित्यमा सौन्दर्य अभिवृद्धिको साधन मानेर अभिव्यक्ति दिइन्छ । मदन भण्डारीले आफ्ना रचनामा उक्त संवेदनाको प्रशस्त मात्रामा प्रयोग गरेका छन्। त्यसैले उनका रचनाहरू साहित्यिक दृष्टिले गरिमामय र पठनीय बनेका छन्।

## छलफल तथा विश्लेषण

मदन भण्डारीका साहित्यिक सृजनामा चयनगत भाषिक शैलीशिल्पको प्रयोग विशिष्ट उद्देश्यका साथ भएको पाइन्छ। शैलीशिल्पका विभिन्न पद्धतिहरू हुन्छन्। तीमध्ये यहाँ उनका रचनालाई चयन-विचलन र अग्रभूमीकरणका चयनद्वारा निर्मित शैलीशिल्पका कोणबाट मात्र अध्ययन गरिएको छ :

### चयन

स्रष्टाले आफ्ना रचनालाई स्तरीय र प्रभावकारी बनाउनका लागि भाषामा निजी शिल्पकौशलको प्रयोग गर्दछ । त्यस्तो कौशल प्रयोग गर्ने क्रममा चयनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । भाषिक शैलीशिल्पको प्रयोगमा चयन भनेर ध्वनि चयन, पर्यायवाची चयन, व्यावहारिक चयन, व्याकरणिक चयन, शैलीय चयन, विशिष्ट पारिभाषिक शब्द चयन र वाक्यात्मक चयनलाई लिने गरिन्छ । मदन भण्डारीका साहित्यिक रचनामा पनि भाषिक शैलीशिल्पको प्रयोग गर्दा चयनलाई धेरै महत्त्व दिएको देखिन्छ। चयनका विविध पक्षको प्रयोगद्वारा भाषिक शैलीशिल्पलाई केकसरी प्रस्तुत गरेका छन् भनी यहाँ निम्नलिखित रूपमा सङ्क्षिप्त विमर्श प्रस्तुत गरिएको छ।

### (अ) ध्वनि चयन

मदन भण्डारीका साहित्यिक सृजनामा शब्दहरूको संयोजन गर्दा ध्वनि चयनलाई बढी महत्त्व दिएको देखिन्छ । ध्वनि चयनले कविता तथा गीतमा रसअनुसारको सञ्चारीभाव उत्पन्न गराएर लयात्मकता वा गेयात्मकता प्रदान गर्दछ । भण्डारीका कविता तथा गीतमाप्रयोग भएका 'गर्जन्छन्, बज्रन्छन्, बज्र, बज्रेला, सिकारी, पारी' जस्ता शब्द र कठोर ध्वनिको चयनले विद्रोहात्मक स्वरलाई कवितामा प्रस्तुत गरिएको हुन्छ । मित्र पो चिन्नुपर्छ, कवितामा कठोर ध्वनिको चयनद्वारा जङ वा रिसलाई व्यक्त गरिन्छ । जस्तै 'च्याट्टै, काट्टो, हर्दिन् (मित्र पो चिन्नुपर्छ, पृ. ९९) । अन्य कवितामा 'टङ्कारिई, पड्किद्यौ, निर्धा, कपटको घुम्टो उदङ्ग्याइद्यौ' जस्ता कठोर ध्वनिको चयन भएको देखिन्छ (छात्रप्रभाप्रति, पृ. ९८) । मदन भण्डारीका साहित्यिक रचनामा विद्रोहात्मक स्वर बढी पाइने भएकाले कठोर ध्वनिको चयन प्रशस्त भएको भेटिन्छ । "चोर मोरो ! कुन चौरीमा कुटीकुटी छेकेर अन्मरिन्छ, अनि घाम छँदै बाँधेर मर्छ । जा, घस्की यहाँबाट अभागी मोरा, लाद्रो भर्न बेर भयो होला नि !" (डोकाको मोल, पृ. ८२) । यस कथामा चयन गरिएका 'चोर, मोरो, चौरी, कुटीकुटी, छेकेर, बाँधेर, मोरा, लाद्रो भर्न बेर' जस्ता कठोर ध्वनिका शब्दले निर्धा जनताको छोरालाई सामन्तीले गाली गरेको देखिन्छ । यसैगरी 'रात, बर्खा, जोत्दथ्यौँ, पर्ती, जोतिद्यौ सामन्तीहरूका चाम्रा चाम्रा जर्जर खप्पर, निर्धाको आङमा' जस्ता कथामा प्रयोग शब्दगत ध्वनिले कठोरतालाई नै व्यक्त गरेको पाइन्छ (घाम छेल्दैन कुइरोले, पृ. १०५) । यसबाट साहित्यकार भण्डारीको मनसाय मिठा शब्द चयनबाट विद्रोहात्मक स्वरको अभिव्यक्ति दिने लक्ष्य रहेको देखिन्छ ।

### (आ) पर्यायवाची चयन

साहित्यिक सृजनामा पर्यायवाची चयनले शब्दको तहमा मात्र प्रभाव पारेको हुन्छ । यस्ता चयन गरिएका पर्यायवाची शब्दले ध्वनिमा भने विशेष भूमिका खेल्दछ । साहित्यकारले कोमल ध्वनि वा कठोर ध्वनिको चयन गरी अभिव्यक्तिलाई विचार तथा परिस्थितिअनुसार प्रस्तुत गरेका हुन्छन् । यस्तो पर्यायवाची शब्द चयनले भाषिक शैलीशिल्पको रूपात्मक पक्षलाई देखाउने हुँदा यो शब्दको तहमा रहन्छ । मदन भण्डारीले साहित्यिक सृजनामा यस प्रकारका पर्यायवाची चयनलाई उपयोग गरेको पाइन्छ । विशाल घरलाई 'महल वा दरबार, कठोर प्रहारलाई बज्रमुक्का र मित्र, अबुझ, वचन मधुरा, कृषक, चतुरा, आर्जन, आङ', लगायतका बहुप्रचलित पर्यायवाची मिठा शब्द चयनले भण्डारीका साहित्यिक रचनाको रूपपक्ष सबल बनेको देखिन्छ ।

### (इ) व्यावहारिक चयन

व्यावहारिक चयन भन्नाले जटिल भाषिक अभिव्यक्तिको विकल्पमा समाजमा प्रचलित ठेट तथा सरल प्रकारको भाषिक अभिव्यक्तिलाई प्रश्रय दिनु भन्ने बुझाउँछ । यसले भाषिक प्रयोगको वैकल्पिक रूपको प्रस्तुतिलाई समेत बुझाउने हुँदा यसलाई व्यावहारिक चयन भनिएको हो । मदन भण्डारीका साहित्यिक

रचनामा यस प्रकारको चयन लाक्षणिक वा व्यङ्ग्यात्मक दुई प्रकारले भएको पाइन्छ । जसले भाषिक शैलीशिल्पलाई उत्कृष्ट बनाउन सहयोग पुऱ्याएको देखिन्छ। 'अबुझ, कृषक, अपिल, झोपडी, भरौटे, सामन्त, दम, सेता चिहान, दियालो, सन्तति, प्रचण्ड शक्ति' जस्ता व्यावहारिक चयनले उनका रचनाको भाषिक शैलीमा सौन्दर्यता थपेको पाइन्छ ।

**(ई) व्याकरणिक चयन**

मानक भाषाको नियमलाई आधार मानेर भाषिक व्यवस्थालाई कायम राख्न व्याकरणका विभिन्न तहगत अवस्था तथा विकल्पमध्येबाट गरिने चयन नै व्याकरणिक चयन हो । यसमा स्वीकार्य तथा अस्वीकार्य दुवै व्याकरणिक चयन विद्यमान रहेका हुन्छन् । त्यसले भाषिक प्रयोगको शैलीशिल्पलाई व्यवस्थित बनाउन र सहज सम्प्रेष्य गराउन सहयोग गर्दछ । मदन भण्डारीका रचनामा व्याकरणिक चयनको प्रयोग मिठो अभिव्यक्तिका लागि भएको पाइन्छ । त्यसले नै शैलीशिल्पगत पक्षलाई बलियो पारेको देखिन्छ । उदाहरणार्थ केही कवितांश तथा कथांशका यी भनाइहरू :

"गर्जन्छन् जो महलहरूमा क्रान्तिनेता सिकारी,

निर्धा झोपडिका किसान जनका उत्साहका साथ हौ ।

ए देशका गरिब हो ! ए धर्तीका सपूत हो !

यो देशको परम्परा बदल्न एकजुट हो ।"

"जा,घस्की यहाँबाट अभागी मोरा, लाद्रो भर्न बेर भयो होला नि !" (डोकाको मोल, पृ. ८२) ।

यी साहित्यिक रचनामा व्यक्त मनोभावले कतै व्यङ्ग्य , कतै एकजुट बन्ने उत्साह र कतै सामन्तीको हेपाहा बोली उद्घाटन भएको पाइन्छ । यिनमा स्वीकार्य तथा अस्वीकार्य दुवै व्याकरणिक चयनको प्रयोग भएको देखिन्छ ।

**(उ) शैलीय चयन**

सर्जकले आफ्ना सिर्जनामा कथ्य, प्रसङ्ग र सन्दर्भसँग सम्बन्धित विकल्पहरूको छनौट गर्नुलाई शैलीय चयन भनिन्छ । यस्तो चयनले साहित्यको महतत्त्वलाई बढाउन भूमिका खेल्दछ । मदन भण्डारीका साहित्यिक रचनामा शैलीय चयनको यथेष्ट मात्रामा प्रयोग भएको पाइन्छ, जस्तै : 'बज्रन्छन् ती गरिबतिर नै भिन्न सङ्घर्ष पारी, हर्दिन् काट्टो कृषकहरूको खान जाने दयालु , (पृ. ९९), 'पैसे मित्र लँगौटियार तँसँगै तेरा भरौटे सब' (पृ. १०१), कवितांश तथा "जेठा पण्डित र कान्छा पण्डितहरू गाउँगाउँमा कहलाए एवम् आफूलाई शिक्षित र विद्वान् सम्झने पण्डितहरू तिनै गल्प, भ्रामक, अनुपयोगी, स्तुति कथाहरूको बेजोड प्रचारप्रसार गर्दै अनार्य जातिहरूलाई समेत अन्योलमा पार्न थाले "(संस्कृत शिक्षा र शिक्षार्थी, पृ. ३) । यी

रचनांशमा शैलीय चयन प्रस्तुत भएको पाइन्छ । यसले कविता तथा गीतको अन्तर्लयलाई प्रकटीकरण गरेको छ भने गद्यांशले व्यक्ति र प्रवृत्तिको चरित्रलाई उजागर गरेको पाइन्छ ।

**(ऊ) विशिष्ट पारिभाषिक चयन**

सृजनात्मक रचनामा उक्त कृति वा सङ्कथनको विषयक्षेत्रअनुसार आवश्यक पर्ने विशेष शब्दको छनौट नै विशिष्ट पारिभाषिक चयन हो । साहित्यिक रचनामा यस्ता शब्दले विषयअनुसार भिन्नभिन्न अर्थ दिन सक्छ र त्यस्ता अर्थको परिभाषा दिएपछि मात्र सही अर्थको पहिचान गर्न सकिन्छ । मदन भण्डारीका रचनामा विशिष्ट पारिभाषिक चयन भएका शब्दहरूको प्रयोग गरिएको पाइन्छ । जुन शब्दहरूले भाषिक शैलीशिल्पलाई उत्कृष्ट बनाएका छन् । यसले भाषाको रूपपक्ष भन्दा अर्थपक्षलाई बढी प्रभाव पारेको हुन्छ । भण्डारीका रचनामा रहेका विशिष्ट पारिभाषिक चयनलाई अध्ययन गर्दा, 'सामन्त, काट्टो, सेता चिहान, पर्ती, कीर्ते, तमसुक, सूदखोर, प्रधानपञ्च, आत्मसमर्पण', जस्ता विशिष्ट पारिभाषिक शब्दको प्रयोग भएको देखिन्छ । यस्ता पारिभाषिक चयनले भनाइको तिख्खरता र साहित्यिक रचनाको भाषिक शिल्पलाई मर्मस्पर्शी बनाएको पाइन्छ ।

**(ए) वाक्यात्मक चयन**

सर्जककले सृजनामा वाक्यस्तरीय विभिन्न विकल्पहरूको प्रयोग गरेका हुन्छन् । त्यस्ता विकल्पहरूको छनौट नै वाक्यात्मक चयन हो । यसअन्तर्गत रूपान्तरणात्मक चयन र वाक्यीय ढाँचागत चयन दुवै आउँछन् (लुइटेल, २०६२.पृ. ७३) । रूपान्तरणात्मक चयनमा आधारभूत वाक्यको आन्तरिक संरचनालाई विभिन्न बाह्य संरचनामा परिवर्तन गरी छनौट गरिएको हुन्छ । मदन भण्डारीका रचनामा यस्ता साहित्यिक वाक्यहरू चयन पनि भएका छन् । तिनमा कवितात्मक पङ्क्ति र गद्य (वाक्यात्मक) पङ्क्तिको चयन भएको देखिन्छ । वाक्यात्मक चयनले उनका रचनाको भाषिक सिपलाई सशक्त बनाएको छ । उनका रचनामा प्रस्तुत भएका वाक्यात्मक चयनअन्तर्गत भाषिक सङ्कथनलाई उदाहरणार्थ यसरी प्रस्तुत गर्न सकिन्छ :

च्याट्टै पारी वचन मधुरा बोल्न जान्ने सिपालु

हर्दिन् काट्टो कृषकहरूको खान जाने दयालु । (मित्र पो चिन्नुपर्छ, पृ. ९९)

ए राजा ! ल तँलाई बल्ल मजले जानेँ दलाहा र'छस्

छाती फोरि गरीबका रगतले बाँच्ने चुसाहा र'छस् । (लौ उत्र सङ्घर्षमा, पृ. १०१)

पिठो–आँटो नपाएर मुटुमा वेदना बोकी

हिमाली सन्तति रुन्छन् सधैँ खोजी ढिँडो–रोटी ॥ (मेरी बाटुलीको बुबा, पृ. १०३)

त्यसपछि त्यो बलियो तलामा उभिएर

दुईओटा पहलमानले कुस्ती गरौँला। (घर यस्तो जीर्ण !, पृ. १११)

सामन्तको छाला काढी नारा बनाउनु छ

बेला भयो गोरु फुकाऊ देश बनाउनु छ।

हे हली दाइ !..... (गोरु फुकाओ हली हो !, पृ. १२४)

उपर्युक्त पद्यांशमा प्रस्तुत कवितात्मक विशिष्ट भनाइहरू वाक्यात्मक चयनका नमुना हुन् । यी वाक्यात्मक चयनले शाब्दिक भन्दा पनि अर्थगत महत्त्वलाई बोकेका छन् । कवितात्मक शैलीमा अभिव्यक्त वाक्यात्मक चयनद्वारा सर्जकले व्यक्त गर्न खोजेको विचार वा भावलाई लयात्मक शैलीमा प्रस्तुत गर्दछ । त्यसैले माथि उदाहरणार्थ प्रस्तुत वाक्यात्मक चयनमा पनि अर्थ वा भाव व्यक्त गर्नका लागि विशिष्ट भाषिक शैलीशिल्पको प्रयोग भएको पाइन्छ । त्यस्तै : "त्यो हुन सक्छ, त्यसको खतराको सम्भावना छँदैछ । त्यो विशेष गरेर भारतेली विस्तारवादबाट नै बढ्ता छ "(अर्जुनदृष्टि, पृ. ६९) । यहाँ उद्धृत नाट्यांशले राजनीतिमा देखिने विसङ्गत चिन्तनलाई उजागर गरेको छ । यसले भारतबाट हुने खतरालाई समेत भाषिक शैलीशिल्पद्वारा सङ्केत गरेको पाइन्छ।

## अग्रभूमीकरण

अग्रभूमीकरण शब्दले अभिव्यक्तिको कुनै अंशमा विशेष महत्त्व दिने शैलीय उपकरणलाई जनाउँछ। विशेष गरी पाठकको ध्यान आकर्षित गर्ने नवीन तथा विशिष्ट ढङ्गबाट गरिने भाषिक प्रयोग नै अग्रभूमीकरण हो। सिर्जनात्मक रचनामा अग्रभूमिका सिर्जनागर्न विचलन र समानान्तरताले महत्त्वपूर्ण भूमिका खेल्दछन्। अग्रभूमीकरण अन्तर्गत रहने विचलन र समानान्तरताले मदन भण्डारीका साहित्यिक रचनामा प्रयुक्त शैलीलाई देखाउँछ । यहाँ भण्डारीका रचनामा रहेका भाषिक विचलन र समानान्तरताको स्थितिलाई निम्नलिखित रूपमा सङ्केत गरिएको छ :

## विचलन

भाषिक नियम, व्यवस्था र भाषाको मानक रूपमा गरिएको अतिक्रमण नै विचलन हो । विचलन भाषाका धेरै एकाइहरूमा विभिन्न प्रकारले हुन सक्दछ । नेपाली काव्य क्षेत्रमा भने कोशीय विचलन, व्याकरणिक विचलन, लेखिमिक विचलन, आर्थी विचलन, भाषिकागत विचलन र प्रयुक्ति विचलन बढी देखिन्छ (गौतम, २०६६.पृ. ५३७) । मदन भण्डारीका साहित्यिक रचनामा पनि विचलनयुक्त भाषिक प्रयोग पाइन्छ । यस आलेखमा उपयुक्त विचलनमध्ये रचनामा पाइएका निम्नलिखित विचलनको मात्र परिचर्चा गरिएको छ :

### (क) कोशीय विचलन

कोशीय शब्द भनेको शब्दकोशमा प्रविष्ट शब्द हो । "भाषाविशेषमा प्रचलित अथवा शब्दकोशमा समाविष्ट शब्दभन्दा भिन्न नयाँ शब्दको निर्माण र प्रयोगलाई कोशीय विचलन भनिन्छ "(लुइटेल, २०६२.पृ. ८१) । यो शब्दनिर्माण प्रक्रियाको सामान्य र परम्परागत तरिकाभन्दा भिन्दै असामान्य तरिका हो । मदन भण्डारीका साहित्यिक रचनामा यस्ता कोशीय विचलनयुक्त शब्दको प्रयोग गरिएको पाइन्छ । जसले उनका साहित्यिक अभिव्यक्तिलाई महत्त्वका साथ प्रस्तुत गर्न सहयोग गरेको देखिन्छ । 'हर्दिन्, टङ्कारिई, लँगौटियार, भरौटे, टुक्टुक्याउनु, हुल्लिको खिल्लि, छिल्लीबिल्ली, हुल्लीहुल्लि, सेता चिहानैमाथि, चाम्रा चाम्रा, जर्जर खप्पर, चर्ति–फूर्तिला, लल्लामुन्नी, अन्मरिन्छ, घस्की, लाद्रो' लगायतका कोशीय विचलनयुक्त शब्दहरूको प्रयोग उनका रचनामा भेटिन्छ । यसबाट उनले मानक भाषाका अतिरिक्त स्थानीय भाषिकाका शब्द र कथ्यभाषाका शब्दलाई  पनि ग्रहण गरेका छन् प्रमाण पाइन्छ । यी तथ्यले भण्डारीका साहित्यिक रचनालाई व्यावहारिक र चित्ताकर्षक बनाउन समुचित भूमिका खेलेको देखिन्छ ।

### (ख) व्याकरणिक विचलन

व्याकरणको नियम विपरीत लेखिएका पद, पदावली, वाक्य तथा सङ्कथन नै व्याकरणिक विचलन हो । यसअन्तर्गत व्याकरणिक कोटि, भाषिक एकाइ, पदवर्ग, पदक्रम, आदरार्थी आदिमा विचलन देखिने हुन्छ । "व्याकरणको मानक र व्यवस्थित अनुक्रममा हुने अतिक्रमण वा तिनको उल्लङ्घन नै व्याकरणिक विचलन हो" (गौतम, २०६६.पृ. ५३९) । यस्तो व्याकरणिक विचलन गद्य रचनामा भन्दा पद्य रचनामा बढी पाइन्छ । कविताको भाषा व्याकरणको नियममा रहने यान्त्रिक भाषाभन्दा फरक खालको हुने हुँदा यसमा बढी मात्रामा व्याकरणिक विचलन देखिन्छ । यस्ता विचलनले कविताको अर्थ वा भाव, सौन्दर्य तथा कलात्मक मूल्यलाई बढी प्रभाव पारेको हुन्छ । मदन भण्डारीका साहित्यिक रचनाहरूमा पनि व्याकरणिक विचलन पाइन्छन् । जसमध्ये कविता तथा गीतमा यस्तो विचलन बढी देखिन्छ, जस्तै :

तिन्कै लागे अघिपछि उता, बज्रिने बज्रमुक्का,

बज्रेला त्यो अबुझ नभए मित्र पो चिन्नुपर्छ । (मित्र पो चिन्नुपर्छ, पृ. ९९)

आफु एक बनी किसान दुनिया सामन्त एकातिर,

पारी छक्छक टुक्टुक्याउनुपऱ्यो लौ उत्र सङ्घर्षमा । (लौ उत्र सङ्घर्षमा, पृ.१०१)

सामन्तका पढ्न जान्छन् हाँस्तै हल्लीहल्ली,

भेडा–बाख्रा–गाई हेर्ने हाम्रै लल्लामुन्नी ।

हे हली दाइ !.......(गोरु फुकाओ हली हो !, पृ. १२३–१२४)

यसमा तिनकै शब्दका लागि तिन्कै रकेटाकेटीका लागि लल्लामुन्नी लगायतका शब्दहरूको प्रयोगले सङ्कथनमा व्याकरणिक विचलन भएको पाइन्छ।

**(ग) वर्णात्मक विचलन**

रचनाकाले सृजनाका क्रममा भाषामा रहने एउटा निश्चित मानक ध्वनि वा वर्णव्यवस्थाको अतिक्रमण गरेर प्रयोग गर्नु नै वर्णात्मक विचलन हो । "भाषाको उच्चार्य खास ध्वनि वा वर्णका तहमा देखापर्ने विचलनलाई वर्णात्मक वा ध्वन्यात्मक विचलन भनिन्छ" (लुइटेल, २०६२.पृ. ८६)। यसलाई ध्वन्यात्मक वा ध्वनिप्रक्रियात्मक विचलनसमेत भनिन्छ। यस्तो खालको विचलन भाषाको लेख्य रूपमा भन्दा बढी कथ्य रूपमा पाइन्छ। साहित्यिक रचनामा यस्तो विचलनयुक्त भाषिक प्रयोग विशेष गरी दोस्रो भाषीले प्रयोग गर्दा वा बाल बोलीको प्रयोग गर्दा भएको पाइन्छ भने कतैकतै प्रसङ्गवश प्रयोग भएको पनि पाइन्छ । मदन भण्डारीका रचनामा यस्ता वर्णात्मक विचलनको प्रयोग प्रायः भएको देखिँदैन।

**(घ) आर्थी विचलन**

भाषिक प्रयोगका क्रममा प्रयुक्त भाषाको अभिधेय अर्थ वा कोशीय अर्थमा रहने विचलन नै आर्थी विचलन हो। भाषाको प्रयोग गर्दा त्यहाँ प्रयुक्त शब्दहरूको आफ्नै कोशीय अर्थ रहेको हुन्छ। त्यस्तो कोशीय अर्थलाई नै मानक अर्थ मानिन्छ। भाषामा प्रयुक्त शब्दको कोशीय अर्थले मात्र भाव अभिव्यक्त गर्न नसकी लक्षणा वा व्यञ्जना शब्दशक्तिद्वारा विशेष अर्थबोध गराउनु नै आर्थी विचलन हो। यस्तो विचलन विशेषतः कवितामा प्रयोग गरिएको पाइन्छ । "कवितामा आर्थी विचलन पैदा गर्नका लागि उपमादि अलङ्कार, विभिन्न बिम्ब, प्रतीक आदिले महत्त्वपूर्ण भूमिका खेल्दछन्" (लुइटेल, २०६२.पृ. ८७) । यस्तो आर्थी विचलन गराउँदा साहित्यिक रचना वा काव्यमा विशिष्टता उत्पन्न हुन्छ र साहित्यिक रचनामा सौन्दर्य बढाउन आर्थी विचलन गराइन्छ । मदन भण्डारीका साहित्यिक रचनामा प्रयुक्त आर्थी विचलनसम्बन्धी केही तथ्याङ्कलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

गर्जन्छन् जो महलहरूमा क्रान्तिनेता सिकारी (मित्र पो चिन्नुपर्छ , पृ. ९९)।

मासु जो कलिला गरीब शिशुका खाने यि खुङ्खार हुन् (लौ उत्र सङ्घर्षमा, पृ.१०१)।

न झुप्रामा दियालो छ, यहाँको राज कालो छ,

बनेका छन् महल सेता चिहानैमाथि निर्धाका (मेरी बाटुलीको बुबा, पृ. १०३–१०४)।

यस बीचमा

केही यस्तो खालको जीर्णोद्धारको

काम गर्न सकियोस्

अलिकति खम्बाहरू थप्न सकियोस्

टेकाहरू हाल्न सकियोस्

केही कब्जाहरू, किलाहरू,

काँटीहरू थप्न सकियोस्

र घरलाई अलिकति बलियो बनाउन सकियोस्

त्यसपछि त्यो बलियो तलामा उभिएर

दुईओटा पहलमानले कुस्ती गरौँला (घर यस्तो जीर्ण !, पृ. १११) ।

"यो मोराले चराउन लगिकन एकदिन पनि कुनै वस्तुभाउको भुँडी उकासिएको छैन, त्यसै त्यसै मर्न लागिसके । चोर मोरो ! कुन चौरीमा कुटीकुटी छेकेर अन्मरिन्छ, अनि घाम छँदै बाँधेर मर्छ । जा, घस्की यहाँबाट अभागी मोरा, लाद्रो भर्न बेर भयो होला नि !" (डोकाको मोल, पृ. ८२) । यहाँ भावको गहिराइमा पुगेर प्रस्तुत गरिएका विभिन्न शब्दगत सन्दर्भहरूले मदन भण्डारीका साहित्यिक रचनामा आर्थी विचलनको प्रयोग भएको देखाएका छन् । यी ध्वनि चयन र आर्थी विचलनमा आउने शैलीशिल्पका प्रयोगले उनका साहित्यिक रचनाको भावगत विशिष्टता झनै सबल बनेकोदेख्न सकिन्छ ।

### (ङ) प्रयुक्ति विचलन

साहित्य रचनाका क्रममा भाषिक प्रयोगका लागि विभिन्न विषय क्षेत्रका शब्दहरूको उपयोग गरिन्छ । त्यस्ता विषय क्षेत्रहरू विज्ञान, प्रविधि, कानुन, गणित, मनोविज्ञान, शिक्षा लगायतका हुन सक्छन् । यस्ता विषय क्षेत्रमा प्रयोग हुने शब्दहरूको उपयोग गरी एउटै व्यक्तिले परिवेश, विषय, सन्दर्भ र प्रसङ्गअनुरूप साहित्यिक रचना गरेको हुन्छ । "यसमा एउटा परिवेश वा प्रसङ्गको भाषालाई अर्कै परिवेश वा प्रसङ्गमा प्रयोग गरिन्छ "(गौतम, २०६६, पृ. ५४७) । प्रयुक्ति विचलनले साहित्यको क्षेत्रलाई विषयवस्तु वा प्रसङ्गअनुसार फराकिलो बनाएको हुन्छ । यस्ता प्रयोगले साहित्यिक रचनालाई परम्परागत लेखनभन्दा भिन्न वा विशिष्ट बनाउन सार्थक र सोद्देश्यमूलक भूमिका खेलेका हुन्छन् । मदन भण्डारीका रचनामा रहेका प्रयुक्ति विचलनका केही उदाहरणहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

जोत्दथ्यौँ जसरी पर्ती उसरी अब जोतिद्यौ, (घाम छेल्दैन कुइरोले, पृ. १०५) ।

"जेठा पण्डित र कान्छा पण्डितहरू गाउँगाउँमा कहलाए एवम् आफूलाई शिक्षित र विद्वान् सम्झने पण्डितहरू तिनै गल्प, भ्रामक, अनुपयोगी, स्तुति कथाहरूको बेजोड प्रचारप्रसार गर्दै अनार्य जातिहरूलाई

समेत अन्योलमा पार्न थाले । यसरी शिक्षाको नाममा गलत कुराहरू सिकेर आफूलाई चिन्ने पद्धतिबाट टाढा रहेर आफ्नै मुखमा लोप्पा लाइरहेको पण्डित्याईँ देखेर र शिक्षाका निम्ति अत्तासिएको जनमानस सही शिक्षाको छानबिनतर्फ जान नपाओस् भनेर आफ्नो व्यवस्थालाई आधार दिने खालका स्तुति र पाठहरू पढाउन सामन्ती व्यवस्थापकले छिटफुट पाठशालाहरूको प्रबन्ध गर्न लागे, पण्डितहरूका लागि सिदा चामलको बन्दोबस्त पनि हुँदै गयो ”(संस्कृत शिक्षा र शिक्षार्थी, पृ. ३) । शैलीको प्रयोगलाई आधार बनाएर प्रयुक्ति विचलनको सन्दर्भ आउने भएको हुँदा यसले आर्थी विचलनसँग पनि केही मात्रामा तादात्म्य सम्बन्ध राख्दछ ।

**समानान्तरता**

अग्रभूमीकरणको अर्को महत्त्वपूर्ण पक्ष समानान्तरता हो । यसलाई समान ध्वनि वा वर्णको पुनरावृत्ति पनि भनिन्छ । समानान्तरताको प्रयोग विशेष गरी कविता र गीतमा गरिन्छ । समानान्तरताले लय तथा सुरको निर्माण गर्दछ । ध्वनिदेखि वाक्यसम्मका भाषिक एकाइहरूको नियमित रूपले पुनरावृत्ति हुँदा समानान्तरता भएको मानिन्छ । मदन भण्डारीका साहित्यिक रचनामध्ये कविता र गीतमा समानान्तरताको प्रयोग धेरै भएको पाइन्छ । त्यस्ता समानान्तरताले ध्वनि निर्माणदेखि लयसमेत उत्पन्न गरेका छन् । उदाहरणार्थ भण्डारीका साहित्यिक रचनाका केही अंशहरू :

न झुप्रामा दियालो छ, यहाँको राज कालो छ

सधैँ राजा धनीमानीहरूको मात्र पालो छ ।

बनेका छन् महल सेता चिहानैमाथि निर्धाका

बसेका छन् त्यहाँ हाम्रा यिनै पञ्चायती राजा ॥ (मेरी बाटुलीको बुबा, पृ. १०३–१०४)

धैर्यता समुद्रझैँ अडिगता हिमालझैँ

चर्ति–फूर्तिला बनी जुरुक्क जुर्मुराउँदै

लु लाग जाग ए ! प्रचण्ड शक्तिका समूह हो

नयाँ बिहान सिर्जने सशक्त ज्योतिपुञ्ज हो ।

ए देशका गरिब हो ! ए धर्तीका सपूत हो !

यो देशको परम्परा बदल्न एकजुट हो । (‘यो देशको परम्परा बदल्न एकजुट होऊ !, पृ. १०७)

भोको पेट रोएको छ बाँझो डाँडा फोर्दा

हाडमासु दुखेको छ झोरा आवाद गर्दा ।

हे हली दाइ ! .............. (गोरु फुकाओ हली हो !, पृ. १२४)

भण्डारीका कविता तथा गीतमा समानान्तरताको अत्यधिक प्रयोग पाइन्छ । जसले गर्दा उनका कविता तथा गीतमा लयात्मकता तथा गेयात्मकता उत्पन्न भएको छ । उपयुक्त कवितांश तथा गीतांशमा 'कालो छ-पालो छ, समुद्रझैँ- हिमालझैँ, समूह हो-ज्योतिपुञ्ज हो, सपुत हो-एकजुट हो, फोर्दा- गर्दा', लगायतका शब्दहरूको समानान्तरताले गर्दा आन्तरिक लय उत्पन्न गरी कविताको राम्रो संरचना तथा शैली निर्माण हुन पुगेको देखिन्छ ।

## निष्कर्ष

मदन भण्डारीका साहित्यिक रचनामा भाषिक चयन र विचलनकोविन्यास प्रचुर रूपमा भएको पाइन्छ । यस्ता चयन र विचलनका प्रयोगले गर्दा नै उनका रचनाहरू उत्कृष्ट बन्न पुगेका हुन् । साहित्यिक रचनालाई शैलीशिल्पगत हिसाबले विशिष्टता प्रदान गर्नका लागि विभिन्न विधि र पद्धतिको उपयोग गर्न सकिन्छ । यस अनुसन्धानात्मक लेखमा तिनै विधि र पद्धतिमध्ये उनका रचनामा बढी उपयोग गरिएका चयन र अग्रभूमीकरणलाई विश्लेषण गरिएको छ । जसमा चयनअन्तर्गत पर्ने पर्यायवाची चयन, व्यावहारिक चयन, व्याकरणिक चयन, शैलीय चयन, विशिष्ट पारिभाषिक चयन तथा वाक्यात्मक चयन रहेका छन् । यी चयनलाई आधार मानेर अध्ययन गर्दा भण्डारीका रचनामा पर्यायवाची शब्दहरूको यथोचित चयनले भाषिक मधुरता प्रदान गरेको छ भने व्यावहारिक चयनले शाब्दिक विशिष्टताबाट शैलीको उच्चता प्रकट भएको छ । त्यस्तै व्याकरणिक चयनले मानक रूप र अमानक रूपको प्रकटीकरणसँगै भाषिक शैलीशिल्पले रचनालाई उत्कृष्ट बनाउन भूमिका खेलेको देखिन्छ । भाषिक चयनको स्थितिमा पनि विशिष्ट पारिभाषिक चयन र वाक्यात्मक चयनले भण्डारीको साहित्यमा प्रयुक्त शैलीशिल्पको विशिष्टता मुखरित भएको छ। अग्रभूमीकरणअन्तर्गत रहेका विचलन र समानान्तरताले फरक ढङ्गबाट भाषिक शैलीशिल्पलाई प्रस्तुत गरेका छन् । विशेषतः कविता तथा गीतमा प्रयोग भएको विचलनले भाषाशैलीगत वैशिष्ट्य र कलात्मक सौन्दर्य अङ्कित भएको भेटिन्छ । समानान्तरताले भने कविता तथा गीतको आन्तरिक तथा बाह्य लय निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । यसरी मदन भण्डारीका हालसम्म प्राप्त साहित्यिक रचनाहरू जेजति उपलब्ध छन् , तिनको अनुशीलन गर्दा उनका रचनाहरूमा प्रयुक्त भाषिक चयन र विचलनको प्रयोगले ती सृजनाहरू सम्प्रेषणीय छन् र कलात्मक तथा सौन्दर्यात्मक अभिवृद्धिका संवाहक बनेका देखिन्छन् ।

## कृतज्ञताज्ञापन

प्रस्तुत लेख पढी सारगर्भित सुझाव एवम् टिप्पणी गरेर लेख परिमार्जन गर्न सहयोग पुऱ्याउनु हुने विज्ञज्यूहरूप्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछु ।

## सन्दर्भ सामग्रीसूची


अर्याल, कुन्दन (२०७८). *जननेता मदन भण्डारी र राष्ट्रियता.* मदन भण्डारी फाउण्डेशन।

ओली, सुवर्ण (२०७०). *मदन भण्डारी जीवनी र व्यक्तित्व.*काठमाडौँ : मदन–आश्रित स्मृति प्रतिष्ठान।

कुलर, जोनाथन (सन् १९९७). *लिटरेरी थ्यौरी अ भेरी सर्ट इन्ट्रडक्सन.* अक्सफोर्ड युनिभर्सिटी प्रेस।

गर्तौला, सोमप्रसाद (२०८०). *"मदन भण्डारीका साहित्यिक रचनामा अनुभूतिको संरचना र विश्वदृष्टि".* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग. मानविकी तथा सामाजिक शास्त्र सङ्काय.त्रिवि।

गौतम, देवीप्रसाद (२०४९). *नेपाली भाषा-परिचय.* साझा प्रकाशन।

गौतम, लक्ष्मणप्रसाद (२०६६). *समकालीन नेपाली कविताका प्रवृत्ति.* पैरवी प्रकाशन।

घिमिरे, कृष्णप्रसाद (२०६९). *अनुसन्धानात्मक समालोचना.* कला बुक सेन्टर।

घिमिरे, कृष्णप्रसाद (२०७१). 'कथाकार ललिता दोषीका कथाको शिल्पविधान', *महामण्डल,* (१ / २५. साउन–असोज). पृ. ३–८।

थापा, सूर्य, नेपाल,-देवी (सम्पा. २०६९). *मदन भण्डारी सङ्कलित रचनाहरू भाग ४.* मदन–आश्रित स्मृति प्रतिष्ठान।

नेपाल, घनश्याम (सन् २००९). *शैलीविज्ञान.* एकता बुक हाउस प्रा. लि.।

नेपाल, देवी (सम्पा. २०७१). *मदन भण्डारीका कविता र गीतहरू.* राष्ट्रिय जनसांस्कृतिक महासंघ.नेपाल।

बन्धु, चूडामणि (२०५३). *भाषाविज्ञानका सम्प्रदाय.* एकता बुक्स।

भण्डारी, मदन (२०७०). *मदन भण्डारी सङ्कलित रचनाहरू* (भाषण खण्ड भाग– ७). मदन–आश्रित स्मृति प्रतिष्ठान, गोठाटार।

(२०७६). *संगठन परिचालनबारे जननेता मदन भण्डारी.* मदन भण्डारी फाउण्डेशन।

भण्डारी, मदन (२०७७). समकालीन विश्व परिस्थिति र मार्क्सवादको सान्दर्भिकता. मदन भण्डारी फाउण्डेशन।

भण्डारी, मदन (२०७७). *नेपालको संविधान २०४७ मा नेकपा (माले)को धारणा.* (पुनः प्रकाशन). मदन भण्डारी फाउण्डेशन।

भण्डारी, मदन (२०७८). *बहुदलीय जनवादबारे केही कुरा.* (चौथो सं.). मदन भण्डारी फाउण्डेशन।

लुइटेल, खगेन्द्रप्रसाद (२०६२). *कविताको संरचनात्मक विश्लेषण.* विद्यार्थी पुस्तक भण्डार।